# ग्रामीण दूरसञ्चार बिकास कोष परिचालन गरी सञ्चालित परियोजनाहरुको २०७७ मंसिर मसान्तसम्मको प्रगति बिबरण सम्बन्धमा प्राधिकरणबाट जारी

# प्रेश बिज्ञप्ति

दूरसञ्चार ऐन, २०५३ को दफा ३० को उपदफा (४) बमोजिम खडा गरिएको ग्रामीण दूरसञ्चार बिकास कोषको परिचालन गरी ग्रामीण क्षेत्रमा ब्रोडब्याण्ड नेटवर्क एक्सेस तथा सूचना महामार्ग निर्माण सम्बन्धमा सञ्चालित विभिन्न परियोजनाहरु कार्य अघि बढाइएकोमा उक्त परियोजनाहरुको सम्बन्धमा बि. सं. २०७७ मंसिर मसान्त सम्ममा भएका प्रगति सम्बन्धी संक्षिप्त बिबरण देहाय बमोजिम रहेको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि प्रेषित गरिएको छ ।

## १. **भौतिक प्रगतिः**

### १.१ ब्रोडव्याण्ड ईन्टरनेट सेवा उपलव्ध गराउने परियोजना सम्बन्धमा:

ग्रामीण दूरसञ्चार बिकास कोष परिचालन गरी ब्रोडव्याण्ड सेवा उपलब्ध गराउने विभिन्न १८ वटा प्याकेजहरु मध्ये १२ वटा प्याकेजहरु मार्फत ४६ जिल्लाका तोकिए बमोजिमका स्थानहरूमा १०० % तथा २ वटा प्याकेज अन्तर्गतका ९ जिल्लाका तोकिए बमोजिमका स्थानहरूमा ५०% भन्दा बढी कार्य सम्पन्न भई सेवा सञ्चालनमा रहेको अवस्था छ । साथै ४ वटा प्याकेज अन्तर्गतका १९ जिल्लाका तोकिए बमोजिमका स्थानहरूमा नेटवर्क तथा कनेक्टिभिटी जडानको लागि सेवा प्रदायकहरु छनौट भई निर्माण एवं जडान कार्य भईरहेको छ । हालसम्म जडान कार्य सम्पन्न भई सञ्चालनमा रहेका Site हरुको विवरण यस प्राधिकरणको वेबसाइट (लिङ्क https://nta.gov.np/en/nta-rtdf-progress/) मा उपलब्ध छ । सम्पन्न भैसकेका परियोजनाहरु मध्ये हालसम्म ४ वटा परियोजनाको अनुगमन तथा प्रमाणिकरण कार्य सम्पन्न भइसकेको, २ वटा परियोजनाको प्राधिकरणबाट नियुक्त परामर्शदाताहरुबाट Phase I अन्तर्गतको अनुगमन तथा प्रमाणिकरण कार्य भइरहेको, ६ वटा परियोजनाहरुको Phase II अन्तर्गतको अनुगमन तथा प्रमाणिकरण कार्य भइरहेको तथा २ वटा परियोजनाहरुको Performance Monitoring को कार्य भइरहेको अवस्था छ ।

**२०७७ मंसिर  मसान्तसम्म उपरोक्त उल्लेखित ब्रोडव्याण्ड परियोजनाहरुको भौतिक प्रगति बिबरण यस प्रकार रहेकोः**

| विवरण | स्थानिय निकायको कार्यालय | वडा कार्यालय | माध्यमिक विद्यालय | स्वास्थ्य संस्थाको संख्या | कूल |
|---|---|---|---|---|---|
| सम्झौता भएका १८ प्याकेजका साईट संख्या | ७०२ | ५९३३ | ५२२५ | ४१२२ | १५९८२ |
| इन्टरनेट जडान सम्पन्न भएका  साइट | ५१२ | ४२१३ | ३५०५ | २९८३ | ११२१३ |
| जडान गर्न बाँकि साइट  संख्या | १९० | १७२० | १७२० | ११३९ | ४७६९ |
| इन्टरनेट जडान सम्पन्न प्रगति  (प्रतिशतमा) | **७२.९३** | **७१.०१** | **६७.०८** | **७२.३७** | **७०.१६** |

## १.२   मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमूकाम जोड्ने सूचना महामार्गः

ग्रामीण दूरसञ्चार बिकास कोष परिचालन गरी सञ्चालित मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमुकाम जोड्ने सूचना महामार्ग निर्माण गर्ने कार्यलाई तीनवटा प्याकेजहरु मार्फत अगाडी बढाइएको छ ।

१.   **<u>प्याकेज १ (प्रदेश नं. १, २ र बागमती प्रदेश):</u>** नेपाल दूरसञ्चार कम्पनी लि. संग २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता गरी निजबाट कार्य शुरु भएको छ । हालसम्म ४९१ कि. मि. अप्टिकल फाईबर बिछ्याउने कार्य, २५ वटा DWDM System को जडान भई ६ स्थानहरुमा Commissioning कार्य सम्पन्न भएको तथा ४५ वटा Core Router Equipment हरु जडान गर्ने कार्य सम्पन्न भई हाल काठमाण्डौ उपत्यकामा जडान सम्पन्न भएका ३ वटा Core Router Equipment हरुको Provisional Acceptance Test (PAT) कार्य  अन्तिम चरणमा रहेको छ ।

२. **<u>प्याकेज २ (गण्डकी प्रदेश र लुम्बिनी प्रदेश):</u>** श्री युनाइटेड टेलिकम लि. ले २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निजको सम्झौता बमोजिम कार्यको भौतिक  प्रगति शुन्य रहेको हुँदा आयोजना सम्पन्न हुनेमा प्राधिकरण विश्वस्त नभएकोले सम्झौताको म्याद थप नगर्ने निर्णय भएको  थियो । उक्त प्राधिकरणबाट  भएको  निर्णय उपर सम्मानित  सर्वोच्च अदालतमा रिट निवेदन दायर भइ सो विषयमा

सम्मानित सर्वोच्च अदालतबाट उक्त रिट निवेदनको टुङ्गो नलागेसम्म अवधी थप नगर्ने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश भएको अवस्था छ ।

३. **<u>प्याकेज ३ (कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश):</u>** नेपाल दूरसञ्चार कम्पनी लि. संग २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको छ । साथै ADSS तर्फको Letter of Intent (LOI) जारी भएको तथा Microwave Radio को मुल्याङ्कन पश्चात: बोलपत्र रद्ध भएको र High Capacity DWDM र Core Router को लागि बोलपत्र आह्वान भइ खरिद प्रक्रियामा रहेको अवस्था छ।

उपरोक्त सूचना महामार्ग निर्माण गर्ने परियोजनाहरुको भौतिक प्रगति देहाय बमोजिम रहेको छ:

| **बिबरण** | **प्याकेज १ (प्रदेश नं. १, २ र बागमती प्रदेश)** | **प्याकेज २ (गण्डकी प्रदेश ४ र लुम्बिनी प्रदेश )** | **प्याकेज ३ (कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश)** |
|---|---|---|---|
| सम्झौता बमोजिम अप्टिकल फाइबरको दूरी (कि. मि.) | २१७९* | २१६० | १९९२ |
| हालसम्म सम्पन्न अप्टिकल फाइबरको दूरी (कि. मि.) | ४९१ | X | X |
| हालसम्मको अप्टिकल फाइबर बिछ्याउने कार्यको प्रगति (प्रतिशत) | २२.५३ | X | X |
| सम्झौता बमोजिम जडान गर्नुपर्ने उपकरण सम्बन्धी बिबरणः | | | |
| १. DWDM System | २६ | २१ | २८ |

| | | | |
|---|---|---|---|
| २. Core Router Equipment | ४८ | ७३ | ५६ |
| हालसम्म जडान गरिएको उपकरण सम्बन्धी बिबरणः | | | |
| १. DWDM System | २५ | X | X |
| २. Core Router Equipment | ४५ | X | X |
| सम्झौता बमोजिम जडान गर्नुपर्ने माईक्रोवेभ लिंक सम्बन्धी बिबरणः | | | |
| माईक्रोवेभ स्पटको संख्या | X | X | 18 hops |
| हालसम्म जडान गरिएको माईक्रोवेभ लिंक सम्बन्धी बिबरणः | | | |
| माईक्रोवेभ स्पटको संख्या | X | X | X |

* SLO बाट Detail Implementation Plan भए पश्चात २०८३.५५ कि.मि. मात्र कायम हुन आएको।

## २. **बित्तीय प्रगति:**

हालसम्म उपरोक्त ब्रोडव्याण्ड तथा सूचना महामार्ग परियोजनाहरुको संक्षिप्त बित्तीय प्रगति विवरण देहाय बमोजिम रहेको छ ।

| **विवरण** | **रकम** |
|---|---|

| | |
|---|---|
| ब्रोडब्यापण्ड परियोजना जम्मा सम्झौता रकम | रु. ५,६७,४६,९१,२७६।३९ |
| सूचना महामार्ग परियोजना जम्मा सम्झौता रकम | रु. ९,८९,१७,००,०००।०० |
| हाल सम्म ब्रोडब्याण्ड परियोजनाको लागि सेवा प्रदायकहरुलाई गरिएको भुक्तानी | रु २,७४९,५५०,३७६।९५ |
| हाल सम्म ब्रोडब्याण्ड परियोजनाको बित्तीय प्रगति प्रतिशत (%) | ४८.४५ % |
| सूचना महामार्ग परियोजना परियोजनाको बित्तीय प्रगति | प्याकेज १ को लागि Advanced Payment बापत रु ६१,५५,११,७७९।६३ तथा भन्सार महशुल बापत रु १२,८०,२०,४५७।०० मात्र भुक्तानी गरिएको साथै प्याकेज २ को लागि Advanced Payment बापत रु ४०,२०,००,०००।०० मात्र भुक्तानी गरिएको । |

प्रबक्ता

(मिन प्रसाद अर्याल)

नेपाल दूरसंचार प्राधिकरण

२०७७/९/१२